Regd. No.: 392/047/048

# महिला पुनर्स्थापना केन्द्र (ओरेक)
## Women's Rehabilitation Center (WOREC)

मितिः २०७९/०३/२६

## प्रेस विज्ञप्ती

ट्राफिक प्रहरीले सवारी साधनमा लेखिएका अश्लील, अपाच्य, गाली, कानूनविपरित तथा सामाजमा विकृति ल्याउने खालका सायरी, कविता, गजल तथा विभिन्न भनाइहरु प्रति ध्यानाकर्षण भई उक्त कार्यलाई हटाउने वा मेट्न लगाउने गरी अभियान सञ्चालन गरेको उक्त पहललाई महिला पुनर्स्थापना केन्द्र (ओरेक) हार्दिक स्वागत गर्दछ। महिला, बालबालिका,सीमान्तकृत समूदायलाई अपमान र अवहेलना गर्ने गरी लेखिएको कविता, सायरी वा कुनै पनि प्रकारका सामग्री तथा अश्लील र द्विअर्थी भनाइहरू प्रसारित गर्नु महिला तथा किशोरीहरुमाथि हुने हिंसा हो। महिलालाई मनोरञ्जनको साधनको रुपमा लिने, महिलाको शरीर तथा यौनिकतलाई नियन्त्रण गर्ने पितृसत्तात्मक सोचका कारण कानूनविपरीत गरिएका यस्ता कार्यहरुले स्वतन्त्र, सुरक्षित र हिंसा रहित वातावरणमा बाँच्न पाउने अधिकारबाट वञ्चित गरिएको छ।

ओरेकले आफ्नो स्थापना कालदेखि नै महिला तथा किशोरी माथि हुने हिंसा मानव अधिकार हनन्को सवाल हो भन्ने मान्यताका साथ महिला हिंसा विरुद्धको अभियान संचालन गर्दै आएको छ।

महिला तथा किशोरीहरुमाथि सार्वजनिक यातायातमा इच्छा विपरित हरेक यौनिक गतिविधिहरु जस्तै आफुलाई असहज लाग्ने छुवाइ, हेराई, हाउभाउ, जिस्काउने, आँखा झिम्काउने, अशलील शब्द प्रयोग गर्ने, सार्वजनिक यातायातमा भाडा लिँदा वा दिँदा महिलालाई जथाभावी छुने, यौनजन्य सामाग्री देखाउने, बलात्कार र बलात्कारको प्रयास गर्ने जस्ता गतिविधिहरु हुने गरेका छन्। ओरेकले ३२१ जना महिला तथा किशोरीलाई समेटेर गरेको एक अध्ययनमा सबैभन्दा बढी ४० प्रतिशतले सार्वजनिक यातायातमा आफूमाथि हिंसा भएको प्रतिक्रिया दिएका छन्। तर यस्ता घटनाहरु न्यून संख्यामा मात्रै कानूनी प्रकृयामा आउने गरेको र आएता पनि प्रमाणको भार हिंसा प्रभावित मै हुने र सार्वजनिक स्थलमा भएका हिंसाका पीडकहरु प्राय अपरिचित भएका कारण प्रमाण जुटाउन कठिनाई रहेको कारणले धेरै हिंसा प्रभावितले आफुमाथि हुने हिंसालाई बाहिर ल्याउन चाहदैनन्।

महिला विरुद्धका हिंसाका घटनामा भएका कानूनहरुको प्रभावकारी कार्यान्वयन नहुनु, समुदायमा कानूनको अनविज्ञता वा कम जानकारी, न्याय प्रणाली लैङ्गिक उत्तरदायी र संवेदनशील हुन नसक्नु, कानून कार्यन्वयन गर्ने निकायहरुको लैङ्गिकता प्रतिको सम्वेदनशीलतामा कमी, सार्वजनिक स्थानमा हुने महिला विरुद्धको हिंसाका घटनालाई सामान्यीकरण गरिने परिपाटि, हिंसाका सम्बन्धमा महिलाले भोगेका भोगाईहरुलाई न्याय सम्पादन गर्ने क्रममा मान्यता नदिइने जस्ता कुराहरुले गर्दा हिंसा प्रभावितहरुको न्यायीक प्रकृया अझै सहज छैन।

तसर्थ यस्ता संरचनागत अवरोधहरुलाई चिर्दै सार्वजनिक स्थानमा हुने महिला विरुद्धको हिंसालाई सम्बोधन गर्न बनाईएका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय नीतिगत एवम् कानूनी प्रावधानहरुको प्रभावकारि कार्यान्वयन र आफु मातहतका विभाग र निकायमा हिंसा प्रभावित महिलाहरुको लैङ्गिक उत्तरदायी सेवालाई प्रवर्द्धन गर्ने र सम्बन्धित जिम्मेवार व्यक्तिको लैङ्गिक उत्तरदायी सेवालाई उसको कार्य सम्पादन सँग जोडेर मुल्यांकन गर्ने परिपाटीको विकास गर्न समेत हामी अनुरोध गर्दछौं।

Balkumari, Lalitpur, P.O.Box : 13233, Kathmandu, Nepal Tel: (+977)-01-2123124; (+977)-01-5186073; (+977)-01-5186374 Fax: (+977)-01-5186271 Email: ics@worecnepal.org URL: www.worecnepal.org

महिलामाथि हुने हिंसा नियन्त्रणका लागि नेपाल प्रहरीबाट चालिएको यस कदम निकै प्रशंसनीय छ र यसको कदर गर्दै आगामी दिनमा यस्ता अभियानको निरन्तरता र प्रभावकारी कार्यान्वयनका लागि नेपाल प्रहरी सधैं प्रतिवद्ध छ भन्नेमा हामी विश्वस्त छौं र यस अभियानलाई सफल पार्नका लागि ओरेक सधैं यहाँहरुको साथ रहने छ भन्ने पनि प्रतिवद्धता जनाउन चाहन्छौं ।

**महिला तथा किशोरी माथि हुने हिंसा मानव अधिकार हनन्को सवाल हो र यस्ता हिंसाको विरुद्धमा संस्था सदैव प्रतिबद्ध छ ।**

लुभराज न्यौपाने
कार्यकारी निर्देशक